आज मिति २०७५ साल भाद्र ३ गते का दिन यस राप्ती सोनारी गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री लाहुराम थारुज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री लाहुराम थारू | अध्यक्ष | |
| २. | श्री धनिकुमारी खत्री | उपाध्यक्ष | |
| ३. | श्री चन्द्र बहादुर वली | १ नं वडा अध्यक्ष | |
| ४. | श्री मदन कुमार वली | २ नं वडा अध्यक्ष | |
| ५. | श्री गंगाराम थारु | ३ नं वडा अध्यक्ष | |
| ६. | श्री कान्छा थारु | ४ नं वडा अध्यक्ष | |
| ७. | श्री झगरु थारु | ५ नं वडा अध्यक्ष | |
| ८. | श्री जनक बहादुर थारु | ६ नं वडा अध्यक्ष | |
| ९. | श्री रामलखन थारु | ७ नं वडा अध्यक्ष | |
| १०. | श्री खुम बहादुर बस्नेत | ८ नं वडा अध्यक्ष | |
| ११. | श्री महावीर वली | ९ नं वडा अध्यक्ष | |
| १२. | श्री नैना कुमारी खत्री | कार्यपालिका सदस्य | |
| १३. | श्री मिना कुमारी बिष्ट | कार्यपालिका सदस्य | |
| १४. | श्री लिला नेपाली | कार्यपालिका सदस्य | लिला |
| १५. | श्री दमकला जैसी | कार्यपालिका सदस्य | |
| १६. | श्री पतरी दमाई | कार्यपालिका सदस्य | पतरी |
| १७. | श्री देवराज कुमाल | कार्यपालिका सदस्य | |
| १. | श्री टोपेन्द्र बहादुर के.सी. | प्रमुख प्रशासकीय अधिकृत (उप सचिब) | — |

**निर्णय नं १**

यस राप्तीसोनारी गाँउपालिकाले आ.व.२०७५।०७६ मा शिक्षा क्षेत्रमा खर्च हुने गरी विनियजन गरेको रकम खर्च गर्ने आधार तथा यस गाँउपालिका अर्न्तगत संचालति सामुदायिक विद्यालयहरुमा शिक्षक व्यवस्थापन, शिक्षक सरुवा तथा दरबन्दी मिलान गर्नका लागि अवश्यक कार्यविधिको मस्यौदा निर्माणका लागि तपसिल अनुसारको पाँच सदस्यीय मस्यौदा निर्माण समिति गठन गर्ने ।

<u>तपसिल</u>

| | |
|---|---|
| १. कान्छा थारु, वडा अध्यक्ष वडा नं. ४ | संयोजक |
| २. राम लखन थारु, वडा अध्यक्ष वडा नं. ७ | सदस्य |
| ३. मदन कुमार वली वडा अध्यक्ष वडा नं. २ | सदस्य |
| ४.नैनी कुमारी खत्री, कार्यपालिका सदस्य | सदस्य |
| ५. जीवन न्यौपाने , शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं २**

यस राप्ती सोनारी गाँउपालिका अर्न्तगत संचालति सामुदायिक तथा सस्थागत विद्यालयहरुको आ.व.२०७४।०७५ को अन्तिम लेखा परीक्षण गर्ने प्रयोजनका लागि लेखा परीक्षकका सूची दर्ता गर्नको लागि १५ दिने सुचना प्रकाशित गर्ने साथै सूची दर्ता गर्दा रु १०००।– (एक हजजार) दर्ता शुल्क लिने ।

**निर्णय नं ३**

कोहलपुर नगरपालिका वडा नं ५सुनसर निवासी साईकल यात्रीको रुपमा देश दौराहमा हिडेका श्री ओमप्रकाश वानियाँलाई रु १०,००० ।–(दश हजजार मात्र) गाउँपालिकाको तर्फबाट आर्थिक सहायता प्रदान गर्ने ।

**निर्णय नं ४**

यस गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुको सम्बन्धमा देहाय बमोजिम गर्ने ।

(क) जिल्ला समन्वय समिति बाँके बाट यस कार्यालयमा कामकाज गर्नको लागी खटिई आउनु भएका निम्न प्राविधिक कर्मचारीहरुलाई निजहरुको पदाधिकार रहेको कार्यालय जिल्ला समन्वय समिति बाँकेमा फिर्ता गर्ने र निजहरुको स्थानमा अन्य प्राविधिक कर्मचारी खटाई दिनको लागि जिल्ला समन्वय समिति बाँकेलाई अनुरोध गर्ने ।

<u>निम्न</u>

१) ईन्जिनियर श्री शरद अधिकारी
२) अ.स.ई श्री दिपकध्वज शाही
३) स.ई. श्री हरिप्रसाद काफ्ले

(ख) करारमा कार्यरत निम्न प्राविधकि कर्मचारीहरुको काम सन्तोषजनक नपाईको हुँदा मिति २०७५अषाढ मसान्त सम्म गरेको करार सम्झौता म्याद समाप्त भै सकेको हुँदा अब उप्रान्त निजहरुको म्याद थप नगर्ने ।

<u>निम्न</u>

१ स.ई श्री भुपेन्द्र वली
२ स.ई. श्री विशेष बुढा
~~३ स.ई श्री हरिप्रसाद काफ्ले~~
४ अ.स.ई श्री होमसूर्य के .सी

लाहुराम थारु
अध्यक्ष